नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय

# राष्ट्रिय युवा परिषद

सानोठिमी, भक्तपुर, नेपाल
(..........................................शाखा)

राष्ट्रिय युवा परिषद-नेपाल
२०७२
सानोठिमी, भक्तपुर

०७७/७८
प.सं.:
च.नं.: ६२३

मितिः- २०७८/०३/०८

विषयः- प्रदेश नमुना युवा संसद अभ्यासको लागि प्रतिनिधि सिफारिस गरी पठाइदिने सम्बन्धमा ।

श्री ससर्त अनुदान मार्फत वित्तीय हस्तान्तरण भै रा.यु.प. का कार्यक्रम गएका ७७ पालिकाहरु

प्रस्तुत विषयमा राष्ट्रिय युवा परिषद्को आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यही मिति २०७८ असार २२ गतेदेखि २६ गतेसम्म कोभिड-१९ महामारीको कारणले अभौतिक (Virtual) माध्यमबाट प्रदेश नमुना युवा संसद अभ्यासको कार्यक्रम सञ्चालन गर्ने निर्णय भएको छ ।युवा क्लव गठन तथा युवा संसद सञ्चालन कार्यविधि २०७५ (दोश्रो संशोधन २०७६) अनुसार प्रदेश युवा संसद अभ्यासमा गाउँ/नगर स्तरीय युवा सञ्जाल कार्यसमितिका सदस्यहरुले आफूमध्ये छानी पठाएका न्युनतम एकजना महिला सहित दुई जना युवाहरु प्रतिनिधि रहने ब्यवस्था छ ।तसर्थ उक्त मितिमा हुने प्रदेश युवा संसद अभ्यासमा गाउँ/नगर युवा सञ्जाल कार्यसमितिले छानेका दुईजना युवाहरुलाई प्रतिनिधित्व गराउन सिफारिस गरी इमेलबाट प्राप्त Google Form भराउन सहजीकरण गरिदिनु हुन अनुरोध छ ।यदि कोभिड-१९को विषम परिस्थितिका कारणले पालिकास्तरमा गाउँ/नगर युवा सञ्जाल गठन भै नसकेको अवस्था भएमा पनि १६-२४ वर्ष उमेर समूहका ५ दिने virtual माध्यमको अभ्यास कार्यक्रममा पूरा समय दिन सक्ने र आवश्यक पूर्वाधार भएका न्युनतम एक जना महिला सहित दुईजना युवाहरुलाई छनौट तथा सिफारिस गरी इमेलबाट प्राप्त Google Form भराउन सहजीकरण गरिदिनु हुन समेत अनुरोध छ ।

बोधार्थ :-
श्री जिल्ला युवा समितिका अध्यक्षज्यूहरु : आवश्यक समन्वय गरिदिनु हुन ।

२०७८/३/८
उपसचिव